# सिरानचोक गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री रीता देवकोटा ज्यूद्धारा प्रस्तुत

# आर्थिक बर्ष २०७९/०८०को वजेट बक्तब्य

सिरानचोक गाउँकार्यपालिका

गाउँकार्यपालिकाको कार्यालय

छोप्राक,गोरखा

गण्डकी प्रदेश, नेपाल

२०७९/०३/१०

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

नेपाली जनताले लामो समय देखी प्रतिक्षा गरेको संविधान सभाबाट संविधान निर्माण प्रक्रिया पुरा गरी २०७२ साल आश्विन ३ गते नेपालको सविधान २०७२ जारी भएको थियो। संविधान निर्माण भई सकेपछि संविधानको कार्यान्वयनको क्रममा २०७४ वैशाख ३१ गते सम्पन्न भएको पहिलो स्थानिय तहको निर्वाचनबाट चुनिएको जनप्रतिनिधिहरुले पहिलो ५ वर्षे कार्यकाल सकिएको छ। आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष भएकोले २०७९ साल बैशाख ३० गते भएको दोश्रो स्थानीय तहको निर्वाचनबाट हामी सबै नवनिर्वाचित जनप्रतिनिधि सँगसँगै म उपाध्यक्ष पदमा पूनःनिर्वाचित भएर यस गाँउसभामा आगामी आ.व २०७९/८० को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्तित भएको छु।

लोकतन्त्रको आधारस्तम्भका रुपमा रहेको आवधिक निर्वाचन अन्तर्गत स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण तरिकाले सम्पन गराउन क्रियाशील निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, संचार जगत, निजि क्षेत्र तथा सम्पूर्ण सिरानचोक बासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै नवनिर्वाचित सभा अध्यक्ष ज्यू र सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

यस अवसरमा सर्वप्रथम प्रजातन्त्र, बहुदलिय व्यवस्था, राष्ट्रियता, समाबेशी लोकतन्त्र, गणतन्त्र, बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतिहासिक आन्दोलनमा बेपत्ता, घाइते तथा सम्मानित नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछु । नेपालको राजनैतिक परिवर्तनका लागी २००७, २०४६ र २०६२/०६३ सालको जनआन्दोलन, सशस्त्र द्धन्द र मधेश आन्दोलन तथा सामाजिक न्याय र मानव अधिकारको पक्षमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्राञ्जली अर्पण गर्दछ । घाईते, बेपत्ता र द्धन्द पीडितहरु प्रति सम्मान प्रकट गर्दछु । साथै राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सिरानचोकका राजनितिक नेतृत्व र सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु।

हाम्रो स्थानीय तहको सरकारको ५ वर्षे कार्यकाल सकिएको हुदाँ विगत ५ बर्षमा भए गरेका कार्यको समिक्षा सहित अनुभव र सिकाईलाई आगामी ५ बर्ष हाम्रो कार्यकालको मार्गदर्शनको रुपमा लिएर समग्र सिरानचोकको जनताको जिवन स्तर उकास्न र सिरानचोकको आयआर्जनमा वृद्धि गरि आफ्नै राजश्वका क्षेत्रहरु बढाई आत्मनिर्भर बनाउने

उदेश्य र सिरानचोकमा रहेका सबै जनताको सम्बृद्धिको विकास गर्ने सहित संघीय र प्रदेश सरकारको वित्तिय समानिकरण, शर्सत, बिशेष, समपुरक अनुदान तथा राजस्व बाडफाडबाट प्राप्त बजेट, आन्तरिक आय, विभिन्न दातृ निकाय, गैर सरकारी, सघंसंस्थाहरुको समन्वयमा समेत आगामी कार्यक्रम गर्ने गरी  आ.व २०७९/०८० को अनुमानित वजेट तथा कार्यक्रम निम्न प्रकारले प्रस्तुत गरेको छु ।

नेपालको संबिधान २०७२मा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, मौलिक हक, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम , संघीय ऐन तथा प्रदेश ऐन, कानुन र कार्यविधिहरुबाट निर्देशित हुँदै सिरानचोक गाउँबासीको आकांक्षा सम्बोधन, विगत ५ बर्षमा भएका अनुकरणीय कार्य एव जनताको समृद्धीसँग  जोडिएका आयोजनालाई समेत कार्यन्वयन गर्न र गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

जनप्रतिनिधि, गाउँपालिका बिषयगत समिति, टोल भेलमा सलग्न भएका राजनीतिक दलका नेतृत्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा बुद्दिजीवी, युवा तथा किसानहरु लगायतका क्षेत्रको सल्लाह सुझाव र परामर्शहरुलाई समेटेर आ.व ०७९।०८० को बजेट तर्जुमा गरिएको छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म **"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"** भन्ने सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष ०७९/०८०को बजेट निर्माण गर्दा लिइएका प्राथमिकता क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**प्राथमिकता क्षेत्रहरुः**

- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- सुशासन प्रर्वद्धन र सार्वजनिक सेवाको गुणस्तर
- उद्यम र सहकारीताको विकास

- विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण
- विपद् जोखिम उत्थानसिल बिकास र संभाबित विपत्तिपुर्ण अबस्थामा पनि अत्यावश्क सेवा सुविधामा पहुचको सुनिश्चितता
- ऐतिहासिक तथा साँस्कृतिक पर्यटन प्रवद्र्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- जलवायु उत्थानशिल कृषि तथा उत्पादनशील भूमिको प्रयोग
- सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड

**प्राथमिकताका आधारहरु**

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।
- कृषि, पशुपालन, लघु उद्यम मार्फत स्वरोजगार सृजना गर्ने ।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने।
- राजस्व परिचालनमा योगदान पुर्याउने।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने।
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने।
- कोहि पनि पछाडी नछुट्न भन्ने अभिप्रायका साथ बन्चितीकरणमा परेका सिमान्तिकृत समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउने।
- स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष ०७९/०८०को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**राजस्व तर्फः**

- राजश्वको दायरा फराकिलो गर्दै एकिकृत सम्पत्तिकर, भूमिकर/मालपोत कर, घरवाहाल कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, ब्यक्तिगत घटना दर्ता दस्तुर र ब्यवसाय रजिष्ट्रेशन दस्तुर गरी कुल आन्तरिक राजश्व तर्फ रु. ५६ लाख ५० हजार अनुमान गरिएको, ढुङ्गा, गिटी, बालुवा, दहत्तर वहत्तर तथा अन्य विक्रीबाट अनुमान

रु. १ करोड अनुमान गरिएको, अघिल्लो वर्षको अनुमानित बाँकी रकम रु.३० करोड ४४ लाख १५ हजार २ सय १२ रुपैया **गरी** जम्मा रु. ३२ करोड ६५ हजार २ सय १२ रुपैया आम्दानी अनुमान गरेको छु।

- संघीय सरकारको राजश्व बाँडफाँड बापत रु.८ करोड ८५ लाख ९५ हजार र प्रदेश सरकारको राजश्व तर्फ २० लाख अनुमान गरीएको छ।
- गाउँपालिकाले संघीय सरकार मार्फत प्राप्त गर्ने अनुदान मध्ये बित्तिय समानीकरणमा रु.१५ करोड १९ लाख, शसर्त अनुदान रु.२८ करोड ८३ लाख र प्रदेश सरकार मार्फत बित्तिय समानीकरणमा रु. १ करोड ८७ लाख २ हजार, संघीय सरकारको समपुरक अनुदान १ करोड ८५ लाख र जिल्ला समन्वय समिति, गोरखाको अनुदान रु. १ करोड ५० लाख, गरी कुल बजेट जम्मा रु.९० करोड ३० लाख ६२ हजार २ सय १२ रुपैया अनुमानित आय पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष ०७९/०८०को अनुमानित ब्यायको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) तलव तथा प्रशासनिक खर्च तर्फः रु. ११ करोड रुपैया

ख) विषय क्षेत्र योजनाको लागि आवश्यक रकमः रु. ८ करोड २६ लाख ५७ हजार ३ सय ४ रुपैया

ग) वडागत सिलिङ रकमः रु. ५ करोड ५१ लाख ४ हजार ९ सय ८ रुपैया

घ) दीगो विकासको लक्ष्य कार्यन्वयन : ५ करोड रुपैया

ङ) गाउँपालिका गौरवका आयोजनाः रु. २८ करोड रुपैया

च) समपूरक अनुदान कार्यन्वयन : रु. ३ करोड ७० लाख रुपैया

छ) शसर्त अनुदान कार्यन्वयनः रु २८ करोड ८३ लाख रुपैया

**आदरणीय सभा अध्यक्ष ज्यू ,**

**सभाका सदस्य ज्यूहरु,**

स्थानीय सरकारको वार्षिक योजना तथा वजेट तर्जुमा हातेपुस्तिकाको अनुसूची-१ वमोजिम अब विषय क्षेत्रगत रुपमा मुख्य कार्यक्रम तथा विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।

## १. आर्थिक विकास क्षेत्र:

आर्थिक विकास क्षेत्र तर्फका लागि रकम रु.२ करोड ६० लाख रुपैयाँ वजेट विनियोजन गरेको छु। जस अन्तर्गत

- कृषि तथा भुमि व्यवस्थाका लागि रु.४१ लाख रुपैयाँ,
- सिंचाईका लागि रु.२१ लाख रुपैयाँ,
- पशुपन्छी तर्फ ४१ लाख रुपैयाँ,
- सहकारी तथा गरिवी निवारणमा रु.१० लाख रुपैयाँ,
- उद्योग वाणिज्य तथा आपूर्तिमा रु. ३१ लाख रुपैयाँ,
- सम्पदा संस्कृति तथा पर्यटनमा ४२ लाख रुपैयाँ र
- श्रम तथा रोजगारीमा २० लाख रुपैया विनियोजन गरेको छु ।

## २. सामाजिक क्षेत्र:

सामाजिक विकास क्षेत्र तर्फका लागि रकम रु. २ करोड ६० लाख रुपैयाँ वजेट विनियोजन गरेको छु। जस अन्तर्गत

- स्वास्थ्य तथा पोषणमा रु. ४२ लाख रुपैयाँ,
- शिक्षा, विज्ञान तथा प्रविधिमा रु. ४२ लाख रुपैयाँ,
- खानेपानी तथा सरसफाईमा रु. ४१ लाख रुपैयाँ,
- युवा, खेलकुद तथा नवप्रवर्धनमा रु. ४० लाख रुपैयाँ र
- महिला बालबालिका तथा समाज कल्याणमा रु. ४१ लाख रुपैयाँ विनियोजन गरेको छु।

## ३. पूर्वाधार क्षेत्र:

पूर्वाधार क्षेत्र तर्फका लागि रकम रु.३ करोड ३१ लाख रुपैयाँ वजेट विनियोजन गरेको छु। जस अन्तर्गत

- भवन,आवास,वस्ती तथा शहरीविकासका लागि १ करोड १५ लाख रुपैयाँ,
- सडक,पुल तथा यातायात व्यवस्थाका लागि १ करोड ६६ लाख रुपैयाँ,
- जलश्रोत,विद्युत तथा वैकल्पिक उर्जामा रु.३३ लाख रुपैयाँ र
- सूचना तथा संचारमा रु.१७ लाख रुपैयाँ विनियोजन गरेको छु।

## ४. वन, वातावरण तथा वातावरण व्यवस्थापन:

वन, वातावरण तथा वातावरण व्यवस्थापन क्षेत्रका लागि रकम रु. ४२ लाख रुपैयाँ वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत वन तथा जैविक विविधतामा रु. २ लाख रुपैयाँ,
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा रु. १९ लाख रुपैयाँ,
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा ६ लाख रुपैयाँ र
- विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा रु १५ लाख रुपैयाँ विनियोजन गरेको छु।

## ५. संस्थागत विकास तथा सुशासन:

संस्थागत विकास तथा सुशासन क्षेत्रका लागि रकम रु.४१ लाख ५७ हजार ३ सय ४ रुपैयाँ वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत नीति, कानून, न्याय तथा सुशासनमा रु. ८ लाख रुपैयाँ,
- सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाहमा रु. ९ लाख रुपैयाँ,
- श्रोत परिचालनमा रु. १२ लाख रुपैयाँ र तथ्यांक प्रणाली र
- योजना व्यवस्थापनमा रु.१२ लाख ५७ हजार ३ सय ४ रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

वडा स्तरीय योजना तथा कार्यक्रमका लागि चाहिने आवश्यक रकमका लागि रु. ५ करोड ५१ लाख ४ हजार ९ सय ८ रुपैयाँ विनियोजन गरेको छु।जस अन्तर्गत

- वडा नं १को लागि रु. ६६ लाख ७७ हजार १ सय ७६ रुपैयाँ,
- वडा नं २ को लागि रु.६८ लाख ६८ हजार १३ रुपैयाँ,
- वडा नं ३को लागि रु.६८ लाख ७७ हजार ४ सय ९८ रुपैयाँ,
- वडा नं ४को लागि रु.६५ लाख ३९ हजार ४ सय ८४ रुपैयाँ,
- वडा नं ५को लागि रु.६६ लाख ९३ हजार ७ सय १६ रुपैयाँ,
- वडा नं ६को लागि रु.६९ लाख ३ हजार १ सय ९७ रुपैयाँ,
- वडा नं ७को लागि रु. ७२ लाख ३७ हजार ५ सय ६ रुपैयाँ र
- वडा नं ८को लागि रु. ७३ लाख ८ हजार ३ सय १८ रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

दीगो विकासका प्रत्यक लक्ष्यहरु कार्यन्वयनका लागि विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु। दीगो विकास लक्ष्यहरु कार्यन्वयनका लागि रकम रु. ५ कारोड विनियोजन गरेको छु। जस अन्तर्गत

- गरिवी अन्त्यका लागि रु.१० लाख रुपैयाँ,
- भोकमारीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्धता गर्न र कृषि प्रवर्धनका लागि रु.५ लाख रुपैयाँ,
- स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धनका लागि ७५ लाख रुपैयाँ,
- समावेशी तथा समानतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्नका लागि रु. ७५ लाख रुपैयाँ,
- लैंगिक समानता हासिल गर्न र सबै महिला र बालबालिकालाई सशक्त बनाउनका लागि रु. १० लाख रुपैयाँ,
- स्वच्छ खानेपानी र सरसफाईको उपलब्धता सुनिश्चित गर्नका लागि रु.५० लाख रुपैयाँ,
- सबैका लागि किफायती, विश्वोसनिय, दीगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्नका लागि रु.४० लाख रुपैयाँ,
- सबैका लागि समावेशी तथा दीगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गर्नका लागि रु.२५ लाख रुपैयाँ,
- उथान्शील पुर्वाधारको निर्माण, दीगो औधोगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्नका लागि रु.२५ लाख रुपैयाँ,
- असमानता न्यूनीकरणका लागि रु.२लाख ५० हजार,
- सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उथान्शील र दीगो बनाउनका लागि रु.४५ लाख रुपैयाँ,
- दीगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्नका लागि २० लाख,
- जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रणमा तत्काल पहलका लागि रु.७ लाख ५० हजार रुपैयाँ,
- वनको दीगो व्यवस्थापन, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्नका लागि रु. ५ लाख रुपैयाँ ,
- न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्नका लागि रु. ५ लाख रुपैयाँ,
- दीगो विकासका लागि साझेदारी सशक्त बनाउनका लागि रु. १ करोड रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

गाउँपालिका भित्र निर्माण गर्नुपर्ने विभिन्न गौरवका आयोजनाहरु मुख्य सडक देखि वडा कार्यालय जोड्ने सडकहरु, “क” वर्गमा वर्गीकृत गरिएका सडकहरु, अन्य महत्वपूर्ण सडकहरु, वडा कार्यलयका भवनहरुको निर्माण, गाउँपालिका प्रशासकीय भवन निर्माण, गाउँपालिका भित्र निर्माण गर्नुपर्ने पार्क तथा पर्यटन पूर्वाधारहरुको निर्माण, खानेपानी तथा सिंचाई योजना निर्माण आदिको निर्माणका लागि रकम रु.२८ करोड विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

सिरानचोक गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तीय सम्मानीकरण, सशर्त, राजश्व बाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट सिरानचोक वासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष सिरानचोकको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा, सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यो बजेट गाउँपालिकामा कर्मचारी आवश्यकता अनुसार आपूर्ति, कार्ययोजना निर्माण गरी कार्य सम्पादन, सवै सरोकारवालाहरुको सहयोग भएमा १०० प्रतिशत कार्यन्वयन हुनेमा पूर्ण विश्वस्त छु ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्ने गाउँपालिकाका सदस्यहरु, कार्यपालिका, बौद्धिक वर्ग, कर्मचारीहरु सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**जय सिरानचोक,**

**रीता देवकोटा**
**उपाध्यक्ष**